राप्ती गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

भाग :   खण्ड :   संख्या :   प्रकाशन मितिः २०८१/०१/१८

**भाग २**

## निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१

गाउँ कार्यपालिकावाट पारित मिति २०८१।०१।१३ गते

**प्रस्तावना :**

निजी वनप्रति स्थानीय जनताको आकर्षणलाई बृद्धि गरी निजी वनको विकास, संरक्षण र प्रबर्द्धन गर्न, निजी वन व्यवस्थापन मार्फत जैविक विविधता, वातावरण संरक्षणतथा वन उद्यमको प्रवर्धन एवं विकासमा टेवा पुऱ्याउन, वन तथा वातावरणसँग सम्बन्धित प्रचलित सङ्घीय र प्रदेश कानूनमा भएका स्थानीय तहको अधिकार कार्यान्वयन गर्न, निजी वन दर्ता, इजाजत तथा वन पैदावार ओसारपसार र अनुगमन कार्यलाई सहज र प्रभावकारी बनाउन कार्यविधि निर्धारण गर्न बाञ्छनीय भएकोले,

वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ दफा ६६ ले दिएको अधिकार प्रयोग गरी राप्ती गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भिक :**

(१) यस कार्यविधिको नाम “निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१ रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) “ऐन” भन्नाले राप्ती गाउँपालिकाको “स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन लाई सम्झनुपर्दछ।

(ख) “अधिकार प्राप्त अधिकारी” भन्नाले स्थानीय तहमा कार्यरत प्रचलित कानून बमोजिम योग्यता पुगेको वन प्राविधिक वा वन सम्बन्धी कार्य गर्नका लागि खटाइएको अनुमति प्राप्त अधिकारीलाई सम्झनुपर्दछ।

(ग) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ।

(घ) “कार्यालय” भन्नाले पालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(ङ) “कार्यविधि” भन्नाले “निजी वन विकास तथा व्यवस्थापन कार्यविधि,२०८१ लाई सम्झनुपर्दछ।

(च) “कोष” भन्नाले ऐनको दफा ४६ बमोजिमको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषलाई सम्झनुपर्दछ।

(छ) “गाउँपालिका” भन्नाले राप्ती गाउँपालिकालाई सम्झनुपर्दछ।

(ज) “टाँचा” भन्नाले काठ वा खडा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्दछ। सो शब्दले क्यु आर कोड तथा यस्तै किसिमको चिन्ह समेतलाई जनाउँनेछ।

(झ) “निजी वन” भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संघ संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्केको वा हुर्काइएको वा संरक्षण र व्यवस्थापन गरिएको वन सम्झनुपर्दछ।

(ञ) “प्रमुख” भन्नाले राप्ती गाउँपालिका अध्यक्षको प्रमुखलाई सम्झनुपर्दछ।

(ट) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ठ) “निजीवन” भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वन सम्झनुपर्दछ।

(ड) “वन कार्यालय” भन्नाले डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालयलाई सम्झनुपर्दछ।

(ढ) “वनपैदावार” भन्नाले निजी वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनुपर्दछ।

(१) काष्ठ पैदावार,

(२) गैरकाष्ठ वन पैदावार,

(ण) “वातावरणीय सेवा” भन्नाले निजी वनबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनुपर्छ;-

(१) कार्बन सेवा

(२) जैविक विविधता संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) तोकिए बमोजिमका अन्य वस्तु, सेवा तथा लाभ ।

(त) “समूह” भन्नाले दफा ८ बमोजिम गठन भएको निजी वन समूहलाई सम्झनुपर्दछ ।

(थ) “समिति” भन्नाले पालिकाको वन तथा वातावरण समितिलाई सम्झनुपर्दछ ।

(द) “शाखा” भन्नाले पालिकाको वन तथा वातावरणको संरक्षण तथा व्यवस्थापनको लागि तोकिएको शाखालाई सम्झनुपर्दछ ।

(ध) “पालिका” भन्नाले राप्ती गाउँपालिकालाई बुझाउँछ ।

## परिच्छेद – २
## निजी वन दर्ता प्रक्रिया

**३. निजी वनमा वन पैदावार सम्बन्धी व्यवस्था :** कुनै व्यक्ति तथा संस्थाले आफ्नो स्वामित्वको जग्गा मावनको विकास, व्यवस्थापन, संरक्षण गर्न र प्रचलित कानून बमोजिम मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

**४. निजी वन दर्ताका लागि निवेदन दिनुपर्ने :**

(१) प्रचलित कानून तथा यस कार्यविधि बमोजिम आफ्नो हकभोगको जग्गाधनी प्रमाणपुर्जा प्राप्त जग्गामा निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले देहाय बमोजिमको कागजात र विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालय मार्फत वा सोझै गाउँपालिकामा निजीवन दर्ताका लागि निवेदन दिनुपर्नेछ ।

(क) निजी वन दर्ता गराउन चाहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि;

(ख) मालपोत तिरेको रसिदको प्रतिलिपि;

(ग) नापी कार्यालयले प्रमाणित गरेको जग्गाको कित्ता नम्बर खुलेको नक्सा र फिल्डबुकको प्रतिलिपि;

(घ) सम्बन्धित व्यक्ति वा संस्थाका पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि;

(ङ) संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि, संस्थाको नवीकरण खुल्ने कागजात र संस्थाको भ्याट वा प्यान सम्बन्धी कागजात;

(२) उपदफा (१) बमोजिमको निवेदनलाई सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलयमा पठाई तहाँबाट सिफारिस प्राप्त गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम यदि कसैले सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलय मार्फत सिफारिस गरी निवेदन पेश गरेमा सोही निवेदनलाई दर्ताको लागि योग्य मानिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम निवेदकले बुझाएका कागजातहरु नपुग भएमा निवेदकलाई निवेदन दर्ता गर्न ल्याएको समयमा नै जानकारी उपलब्ध गराउनुपर्नेछ ।

(५) माथिको उपदफाहरुमा जे जस्तो व्यवस्था भए तापनि निजी वन दर्ताको लागि पेश गरेको निवेदकको जग्गाको सिमाना वन क्षेत्रसँग जोडिएको भएमा डिभिजन वन

कार्यालय वा सब डिभिजन वन कार्यलयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ ।

**५. छानविन गर्न सक्ने :**

(१) दफा ४ बमोजिम दर्ता भएको निवेदन उपर कार्यालयले आवश्यकता अनुसार वन प्राविधिक वा अधिकार प्राप्त अधिकारी खटाई छानविन गर्न पनि सक्नेछ ।

(२) छानविन गर्दा वडा कार्यालय मार्फत वडाको प्रतिनिधिको रोहबरमा जानकारी लिने, सरजमिन बुझ्ने तथा सम्बन्धित जग्गाको स्थलगत निरीक्षण समेत गर्न सक्नेछ ।

**६. दर्ता प्रमाणपत्र दिनुपर्ने :**

(१) दफा ४ बमोजिम डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी सिफारिस प्राप्त भएको सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले अनूसूची-३ बमोजिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय अनुसार निजी वन दर्ता गरी तीन दिनभित्र अनुसूची-४ बमोजिम ढाँचामा निवेदकलाई कार्यपालिकाले तोकेको शुल्क लिई प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रमाणपत्र प्रदान गरेको निजी वनको अद्यावधिक लगत राखी शाखाले सो को जानकारी सम्बन्धित वन कार्यालयमा गराउनुपर्नेछ ।

(४) यस कार्यविधि वमोजिम दर्ता भएका निजी वनको धनीले आफ्नो निजी वनमा नयाँ वृक्षरोपण गरेमा वन पैदावारको जात र संख्या खुलाई सो को जानकारी पालिकामा दिनुपर्नेछ । यसको जानकारी प्राप्त भएपछि निजी वन दर्ता गर्दाको बखत रहेका रुख विरुवाहरुको विवरणलाई अध्यावधिक गरेको निस्सा निजी वन धनीलाई उपलब्ध गराउनुपर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि दर्ता भएका निजी वन धनीले आफूले प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपिसहितको विवरण पालिकामा अध्यावधिक गर्न वा नवीकरण गर्नका लागि निवेदन दिनुपर्नेछ। तर सम्बन्धित डिभिजन वन कार्यालयमा दर्ता भएको निजी वनको लगत विवरणको प्रति माग गरी कार्यालयले अध्यावधिक गर्न सक्नेछ ।

(६) यस कार्यविधि बमोजिम दर्ता भएका निजी वनमा वृक्षरोपण गर्न तथा निजी वनको व्यवस्थापन र संरक्षण गर्न पालिकाले सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यलयसँगको समन्वयमा आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**७. अध्यावधिक स्थिति विवरण नविकरण गर्नुपर्ने :**

(१) निजी वन लगाउने व्यक्ति वा संस्थाले निजी वन दर्ता गरेकोमा दर्ता गर्दाको अवस्थामा पेश गरेको वृक्षरोपण गरिएको रुख विरुवाहरुको स्थिति संख्यामा परिवर्तन भएको अवस्थामा सोको अध्यावधिक विवरण गाउँपालिकामा बुझाउनुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम अध्यावधिक विवरण नवीकरण गर्दा पालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम वा कार्यपालिकाले तोके बमोजिम शुल्क तोक्न सक्नेछ ।

(३) सम्बन्धित निजी वनधनी व्यक्ति वा संस्थालाई पालिकाले अध्यावधिक विवरण नवीकरण गरेको निस्सा प्रदान गर्नुपर्नेछ । सो निस्साको विवरण निजी वन दर्ता गरिएको अभिलेख रजिष्टरमा अध्यावधिक गरी प्रमाणित गरिराख्नुपर्नेछ ।

**८. निजी वन समूह गठन गर्न सकिने :**

(१) वनको विकास, संरक्षण तथा व्यवस्थापन गर्ने सिलसिलामा वातावरणीय सेवा, कार्बन सञ्चिति तथा वन पैदावारको बिक्री वितरण लगायत कार्यमा सामूहिक लाभ अभिवृद्धि गर्नको लागि दर्ता भएका कम्तिमा सबै निजी वनधनीहरुको समूहीकृतरुपमा क्षेत्रफल कम्तिमा १ एक हेक्टर तथा कम्तिमा ९ जना निजी वनधनी मिलेर एउटा निजी वन समूह गठन गर्न सक्नेछन्। यस्तो निजी वन समूह गठन गर्दा सम्बन्धित पालिकाभित्रको वडाको सिमानाले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम गठन गरिएको निजी वन समूहले "निजी वन समूह" दर्ताका लागि अनुसूची-५ बमोजिमको ढाँचामा पालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन समूह दर्ता गर्न निवेदन दिँदा समूहको विधानसहितको कार्ययोजना विधान तथा कम्तिमा देहायका बुँदा समेटिएको संलग्न गर्नुपर्नेछ ।

(क) भूमिका

(ख) पृष्ठभूमि : निजी वन समूहको नाम र ठेगाना, निजी वनधनीको नाम र संख्या, समूहको कार्यक्षेत्र, निजी वनले ओगटेको क्षेत्रफल, निजी वनमा लगाउन चाहेको वा संरक्षण गरिएको वा हुर्काएको रुख बिरुवाको जात तथा थप विवरण

(ग) निजी वन समूह दर्ता गर्नुको उद्देश्य

(घ) निजी वनको हालको अवस्था, वातावरणीय सेवा र कम्तिमा वन पैदावारको उत्पादनको एक बाली चक्रको आधारमा वा उत्पादन लिन चाहेको अवधिमा गरिने क्रियाकलापहरुको विवरण

(ङ) निजी वनमा आवश्यक पर्ने प्राविधिक सहयोग तथा त्यसको उपलब्धताको बारेमा विवरण

(च) निजी वनबाट प्राप्त हुने अपेक्षित वन पैदावार तथा वातावरणीय सेवाहरुको विवरण तथा प्रक्षेपण

(छ) निजी वनबाट उत्पादन हुने वन पैदावार तथा वातावरणीय सेवाको बिक्री तथा वितरणको व्यवस्थापनको प्रक्षेपण

(ज) निजी वनको संरक्षण, व्यवस्थापन एवं अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

(झ) विविध

(४) उपदफा (३) बमोजिमको कार्ययोजना र विधानको अध्ययन गरी आवश्यक कागजात र मापदण्ड पुगे नपुगेको छानविन गरी पालिकाले समूह दर्ता गरी पन्ध्र दिनभित्र अनुसूची-६ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ र सो को जानकारी सम्बन्धित वन कार्यालयलाई गराउनुपर्नेछ ।

(५) निजी वन समूहले आफ्ना सदस्यधनीले आफ्नो स्वामित्वमा रहेको निजी वनमा रहेको रुख तथा वनस्पतिको संरक्षण, विकास तथा व्यवस्थापनबाट सिर्जित कार्बन सञ्चितिलाई प्रचलित कानून बमोजिम कार्बन विक्री गर्न कार्बन व्यापार गर्न सक्ने र सो कार्यको लागि पालिकाले सहजिकरण तथा समन्वय गर्नेछ ।

## परिच्छेद - ३
## विरुवाको माग सङ्कलन, उत्पादन र वितरण

**९. विरुवाको माग सङ्कलन :**

(१) निजीवन लगाउने व्यक्ति तथा संस्थाले आफूलाई आवश्यक पर्ने विरुवाको जात, संख्या खुलाई वडा कार्यालय मार्फत पालिकामा निवेदन दिन सक्नेछन् ।

(२) वडा कार्यालयहरुले निजीवनको विकासको लागि आवश्यक विरुवाको माग सङ्कलन गरी पालिकालाई उपलब्ध गराउनुपर्नेछ ।

(३) बीउ तथा विरुवाको माग सङ्कलनका लागि पालिकाले आवश्यकता अनुसार सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालय, प्रदेश सरकार तथा अन्य सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग समन्वय गर्न सक्नेछ ।

**१०. विरुवा उत्पादन :**

(१) निजी वनको लागि आवश्यक पर्ने विरुवा पालिका आफैले वा वन कार्यालय मार्फत वा निजीस्तरमा व्यक्ति वा संघ, संस्था मार्फत समेत उपलब्ध गराउन सक्नेछ ।

(२) बिरुवा उत्पादनको लागि पालिकाले निजी तथा सामुदायिक नर्सरीहरुलाई प्रोत्साहन तथा प्राथमिकता दिनेछ । गाउँपालिकामा दर्ता भएका निजी वन समेतले निजी नर्सरीको रुपमा बिरुवा उत्पादन गर्न सक्नेछन् ।

(३) बिरुवा उत्पादन कार्यका लागि आवश्यक पर्ने प्राविधिक सहयोग र गुणस्तरको अनुगमन वन कार्यालयसँगको समन्वयमा पालिकाले गर्नेछ ।

**११. बिरुवा वितरण :**

(१) वडा कार्यालय मार्फत पालिकाले निजी वनधनीलाई बिरुवाको वितरणको व्यवस्था मिलाउनेछ ।

(२) पालिकासँग सम्झौता गरी स्थानीय प्राथमिकताको सूचीमा रहेको प्रजातिहरु निजीस्तरमा उत्पादन गरेको बिरुवाको हकमा सम्झौता अनुसार खरिद गरी निःशुल्क वा सहुलियत दरमा वितरण गर्नेछ ।

(३) बिरुवा वितरणका लागि पालिकाले आवश्यकता अनुसार वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ ।

## परिच्छेद - ४
## निजी वन प्रवन, व्यवस्थापन र अनुगमन

**१२. वन तथा वातावरण समिति :**

(१) पालिकाको वन तथा वातावरण सम्बन्धी विषयको लागि गठन गरिएको समितिले निजी वन विकास, व्यवस्थापन तथा प्रबर्द्धनमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ ।

(२) समितिले तोकिएका कामका अतिरिक्त वन विकास तथा व्यवस्थानका लागि देहाय बमोजिमका काम गर्नेछ;

(क) वनक्षेत्रसँग सम्बन्धित सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्न समन्वय र सहजिकरण गर्ने ।

(ख) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्न सहयोग गर्ने ।

(ग) वन पैदावार सङ्कलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने ।

(घ) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरुप निजी वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्न आवश्यक कार्य गर्ने ।

(ङ) स्थानीय अवस्था र आवश्यकता अनुसार वन विकास तथा उपयोगका लागि प्राथमिकताका क्षेत्र पहिचान गर्ने ।

(च) वन विकास र संरक्षणमा संलग्न निजी वनधनी तथा व्यवसायीहरुलाई प्रोत्साहन हुने गरी सहुलियतका उपायको पहिचान र वन पैदावार सङ्कलन तथा बजारीकरण लगायतका विषयमा आवश्यक अध्ययन गरी कार्यान्वयनका लागि सिफारिस गर्ने ।

(छ) निजी वन अनुगमन गरी प्रबर्द्धन र व्यवस्थापनका लागि प्रभावकारी उपायहरू सिफारिस गर्ने ।

**१३. निजी वन व्यवस्थापन प्राविधिक सहयोग :**

(१) निजी वन व्यवस्थापन तथा सम्बर्द्धन गर्ने कार्यको जिम्मेवारी निजी वनधनीको हुनेछ । तर यस सम्बन्धमा निजी वनधनीले आवश्यक प्राविधिक सहयोग माग गरेमा पालिकाको वन तथा वातावरण सम्बन्धी कार्य गर्न तोकिएको शाखाले उपलब्ध गराउनेछ ।

(२) पालिकाले थप प्राविधिक सहयोग आवश्यक ठानी सम्बन्धित वन कार्यालयसँग माग गरेमा वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(३) निजी वनधनीले यस सम्बन्धमा अन्य निजी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरुबाट समेत प्राविधिक सहयोग लिन सक्नेछ ।

(४) निजी वन व्यवस्थापनको लागि प्राविधिक सहयोगका क्षेत्रहरु निम्नानुसार रहनेछन् :

(क) बीउ/विजन/बिरुवाको पहिचान, सङ्कलन तथा उत्पादन

(ख) नर्सरी व्यवस्थापन;

(ग) निजी वन स्थापना गर्ने क्षेत्र सर्भेक्षण तथा प्रजातिको पहिचान

(घ) निजी वन वृक्षरोपण, पुनःरोपण, गोडमेल तथा सम्बर्द्धन;

(ङ) रोग निदान;

(च) कृषि वन प्रणाली;

(छ) निजी वनको रुख कटान तथा अन्य वन पैदावारको सदुपयोग;

(ज) निजी वनको स्रोत सर्भेक्षण तथा मूल्याङ्कन;

(झ) अन्य आवश्यक प्राविधिक सहयोग ।

**१४. सहयोग र शुल्क सम्बन्धी व्यवस्था :**

(१) बिरुवा उत्पादन गर्न आवश्यक पर्ने सामग्री (पोलिथिन ब्याग, किटनाशक औषधि, औजार, बीउ बिजन आदि) पालिकाले उपलब्ध गराउन सहयोग गर्न सक्नेछ ।

(२) प्राविधिक सेवा उपलब्ध गराए वापतको सेवा शुल्क तोक्न वा सम्बन्धित निकायमा सिफारिस गर्न तथा अन्य आवश्यक कुराहरुको व्यवस्था पालिकाले तोके बमोजिम हुनेछ ।

**१५. निजी जग्गामा कृषि वन र जडीबुटी खेती तथा वन्यजन्तु पालन गर्न सकिने :**

(१) निजी वनधनीले निजी जग्गामा कृषि वन र जडिबुटी खेती गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खेती गर्दा प्रचलित वातावरण सम्बन्धी कानून र जडिबुटी खेती तथा प्रशोधन सम्बन्धी अन्य प्रचलित कानूनमा तोकिएका मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निजी जग्गामा कृषि वन र जडिबुटी खेती गर्दा छिमेकी जग्गावालाको कृषि प्रणालीमा असर पार्ने कार्य गर्नु हुँदैन ।

(४) निजी जग्गामा खेती गरिएका अनुसूची-७ मा उल्लिखित काष्ठ, जडिबुटी तथा अन्य वन पैदावार अन्य कृषि उपज सरह सङ्कलन, बिक्री वितरण र ओसारपसार गर्न सकिनेछ ।

(५) निजी जग्गामा लगाइएका सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम हुनेछ ।

(६) निजी वनधनीले प्रचलित कानून बमोजिम निजी वनमा वन्यजन्तु पालन गर्न सक्नेछ ।

**१६. नर्सरी स्थापना गर्न सक्ने :**

(१) प्रचलित कानून र मापदण्ड तथा तोकिएको प्रक्रिया पूरा गरी पालिका क्षेत्रभित्र निजी वनधनीले नर्सरी तथा उद्यान सञ्चालन गर्न सकिनेछ ।

(२) पालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुलाई प्रोत्साहनको लागि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) पालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको पालिकाले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । अनुगमन तथा निरीक्षण गरिसके पश्चात सुझावहरु उपलब्ध गराउनुपर्नेछ ।

**१७. वन पैदावारको प्राथमिकताको सूची :**

(१) पालिकाले निजी वनको लागि प्राथमिकताका प्रजातिको व्यवस्था गर्न सक्नेछ ।

(२) निजी वनधनीले आफ्नो जमिनमा रहने वन पैदावारको कम्तिमा ६० प्रतिसत वन पैदावार पालिकाको प्राथमिकता बमोजिमको प्रजातिहरु लगाएमा निजी वन सम्बन्धमा लाग्ने सबै शुल्कहरुमा (जस्तै वार्षिक नवीकरण शुल्क, कटानी, ढुवानी तथा इजाजत शुल्क) पचास प्रतिशतसम्म छुट दिन सक्नेछ ।

**१८. प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) निजी वनधनीले निजी वन दर्ता गरेकोमा दर्ता गर्दाको अवस्थामा पेश गरेको वृक्षरोपण गरिएको रुख बिरुवाहरुको स्थिति संख्यामा परिवर्तन भएको अवस्थामा स्थिति संख्यामा परिवर्तन भएको आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अध्यावधिक प्रतिवेदन पालिकामा पेश गर्नुपर्नेछ ।

(२) अध्यावधिक प्रतिवेदनमा पालिकाले तोकेको ढाँचामा देहाय बमोजिमको विवरण तथा जानकारी समावेश हुनुपर्नेछ :

(क) वनपैदावारको प्रजाती अनुसार संख्या, उमेर र परिणाम;

(ख) अघिल्लो आ.व. मानयाँ रोपिएका/ लगाइएको प्रजातीको नाम, संख्या र परिणाम;

(ग) चालु आ.व. मा कटानी गर्ने पैदावारको विवरण (प्रजाति, उमेर, उचाइ, तथा गोलाइ);

(घ) लेखा परीक्षण गरेको भए अघिल्लो आ.व. लेखा परीक्षण प्रतिवेदन;

(ङ) आघिल्लो आ.व. मा बिक्री गरिएको वन पैदावारको विवरण (बिक्री मूल्य, प्रजाति, उमेर, परिमाण)

(च) अन्य थप विवरण

**१९. अनुगमन सम्बन्धी व्यवस्था :**

(१) पालिकाभित्र रहेका निजी वनको अनुगमन पालिका वन तथा वातावरण समिति र शाखाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्नको लागि थप प्राविधिक सहयोग आवश्यक भएमा सब डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा अनुसूची-८ बमोजिमको अनुगमन फाराम भरी अनुगमनको अभिलेख राख्नुपर्नेछ ।

## परिच्छेद- ५

## निजी वन पैदावारको कटानी, ढुवानी तथा इजाजत सम्बन्धी व्यवस्था

**२०. निजी वनको रुख कटानी वा सङ्कलन :**

(१) दर्ता भएको निजी वनधनीले आफ्नो निजी वनको कटानी वा सङ्कलन गर्नुपर्ने भएमा सम्बन्धित वडा कार्यालयलमा कटान अनुमतिका लागि अनुसूची-९ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) कटान गर्नका लागि सम्बन्धित वडा कार्यालयलाई दिइने निवेदनमा देहाय बमोजिमको तथा सम्भव विवरण संलग्न हुनुपर्नेछ :

(क) निजी वनधनीको नाम;

(ख) निजी वन दर्ता प्रमाणपत्र/इजाजतपत्र नं.;

(ग) कटानको प्रयोजन (घरेलु वा व्यावसायिक);

(घ) कटान गरिने रुखहरुको संख्या तथा प्रजाति;

(३) उपदफा (२) बमोजिमको निवेदनमा घरायसी प्रयोजनको लागि निजी वन रहेकै पालिकामा उपयोग गर्ने रहेछ भने निवेदन प्राप्त भएको मितिले ३ तीन दिनभित्र सम्बन्धित वडा कार्यालयले निवेदकलाई निजी वन रुख कटानी गर्न अनुमति दिनुपर्नेछ र सो को जानकारी पालिकालाई गराउनेछ ।

(४) उपदफा (२) बमोजिमको निवेदन व्यावसायिक प्रयोजनका लागि रहेछ भने वडा कार्यालयले आवश्यक सिफारिससहित प्राविधिक छानविनका लागि पालिकामा पठाउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त निवेदन उपर पालिकाले वन प्राविधिक मार्फत वा वन कार्यालयको सहयोगमा आवश्यक प्राविधिक छानविन गराई कटानका लागि माग गरिएको वन पैदावार निवेदकको देखिन आएमा रुख कटानी गर्न अनुसूची-१० बमोजिमको ढाँचामा निवेदकलाई सात दिनभित्र इजाजतपत्र दिनेछ ।

(६) दर्ता नभएका निजी वन, राष्ट्रिय वन, ऐलानी, पर्तीसँग जोडिएको भएमा आवश्यकता अनुसार प्राविधिक तथा अमिनबाट छानविन पूरा गरी पालिकाले कटान इजाजत दिन सक्नेछ ।

(७) सम्बन्धित वडा कार्यालय वा पालिकाले प्राप्त निवेदन तथा प्रदान गरिएको कटान इजाजतको जानकारी सम्बन्धित वन कार्यालयमा दिनुपर्नेछ ।

(८) कटान गरिएको रुखबाट तयार पारिएको गिण्डा तथा दाउराको नाप जाँच अनुसूची-११बमोजिम तयार गर्नुपर्नेछ ।

(९) माथिको दफा तथा उपदफाहरुमा जेजस्तो प्रावधान भए तापनि सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३ अनुरुपको अनुसूचीहरुमा उल्लिखित वनस्पतिहरुको खेती, कटान तथा ओसारपसारको हकमा सङ्कटापन्न वनस्पतिको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६ बमोजिमको प्रक्रिया पूरा गरेको हुनुपर्नेछ ।

**२१. निजी वनको काठ, दाउरा, गैरकाष्ठ वन पैदावार ढुवानी र इजाजत :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएका निजी वनधनीले आफ्नो निजी वनको काठ, दाउरा निजी वन रहेकै स्थानीय तहभित्र प्रयोग गर्नु पर्दा इजाजत लिनु आवश्यक पर्ने छैन । तर, एक स्थानीय तहबाट अर्को स्थानीय तहमा ओसार पसार गर्नुपर्ने भएमा कार्यपालिकाबाट वा कार्यपालिकाले अधिकार प्रदत्त अधिकारीको अनुमति लिनुपर्नेछ भने एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नुपरेमा कार्यपालिकाको सिफारिस वा कार्यपालिकाले तोकेको अधिकारीको सिफारिसमा सम्बन्धित डिभिजन वन कार्यालयबाट अनुमति लिनुपर्नेछ ।

(२) दर्ता गरिएको निजी वनधनीले निजी वनको काठ दाउरा व्यावसायिक प्रयोजनका लागि स्थानीय तहभित्र बिक्री वितरण र ओसार पसार कार्यपालिकाको सिफारिस लिई गर्न सक्नेछ । यसरी बिक्री वितरण र ओसारपसार गर्ने काठ दाउराको स्थानीय वन प्राविधिकबाट लगत प्रमाणित गरी स्थानीय तहको चिन्ह लगाएको हुनुपर्नेछ । स्थानीय तहले यस प्रकारको चिन्हको निर्माण तथा प्रमाणीकरण प्रचलित कानून बमोजिम सम्बन्धित वन कार्यालयसँग समन्वय गर्नुपर्नेछ ।

(३) निजी वनको काठ, दाउरा आफ्नो स्थानीय तह बाहिर ओसारपसार गर्न सम्बन्धित स्थानीय तहको सिफारिसमा डिभिजन वन कार्यालयको इजाजत लिनुपर्नेछ ।

(४) निजी वनबाट उत्पादित काठ, दाउराको लगत वडा कार्यालय मार्फत वन कार्यालयमा बुझाउनु निजी वनधनीको कर्तव्य हुनेछ ।

(५) इजाजतपत्रको साथमा निजी वनको काठ, दाउराको प्रजाति, थान, नापसाइज, जम्मा परिमाण आयतन अनुसूची-१२ बमोजिम संलग्न हुनुपर्नेछ ।

**२२. निजी रुखको बिक्री वितरण र ओसार पसार :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वन क्षेत्रसँग नजोडिएको निजी आवादी जग्गामा रहेका निजी रुखहरूको कटान घरायसी प्रयोजनको लागि उपयोग गर्दा कुनै अनुमति लिनुपर्ने छैन ।

(२) प्रचलित कानून र यस कार्यविधि बमोजिम दर्ता नभएका नम्बरी आवादीको काठ दाउरा बिक्री वितरणको हकमा जग्गाधनीले वडा कार्यालयमार्फत वा सोझै पालिकामा रुख कटानका लागि निवेदन दिनुपर्नेछ । सो उपर आवश्यक प्रवाधिक जाँच गरी गराई रुख कटानका लागि अनुमति दिनेछ र ओसारपसार गर्न छोड पुर्जीका लागि डिभिजन वन कार्यालयमा सिफारिस गर्नेछ ।

**२३. कृषि उपज सरह हुने :**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता भएका वा नभएका निजी वनधनीले आफ्नो स्वामित्वको वन वा जग्गमा रहेका प्रचलित कानून बमोजिम कृषि उपज सरह भनी सूचीकृत गरिएका अनुसूची-७ बमोजिमका रुख, जडिबुटी तथा अन्य वन पैदावार आफूखुशी सङ्कलन, ओसारपसार र बिक्री वितरण गर्दा पालिकाबाट कृषि वस्तु सरह लगत प्रमाणित गराई ओसारपसार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम ओसारपसारका लागि कृषि उपज सरह लगत प्रमाणित गर्दा पालिकाले वन कार्यालयबाट प्राविधिक सहयोग लिन सक्नेछ । आफ्नै पालिकामा भएको वन प्राविधिकबाट लगत प्रमाणित गराउने व्यवस्था मिलाउन सक्नेछ । यस्तो लगत प्रमाणितको जानकारी सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद – ६
## सहुलियत, प्रोत्साहन र पुरस्कार

**२४. सहुलियत दिन सक्ने :**

(१) पालिकाभित्र रहेका यस कार्यविधि जारी भएको एक वर्षभित्र कार्यविधि बमोजिम निजी वन दर्ता हुन चाहेमा दर्ता शुल्क लाग्ने छैन ।

(२) निजी वन दर्ताका लागि आवश्यक पर्ने प्राविधिक सहयोग जस्तै निजी वनको नाप नक्सा, रुख बिरुवाको नाप, लगत, सर्जमिन मुचुल्कालगायतको लागि आवश्यक व्यवस्थापन र सहजीकरण पालिकाले गर्नुपर्नेछ ।

(३) निजी वन दर्ता गर्न जाँदा साँध सिमाना नाप जाँचका लागि आवश्यक पर्ने अमिनको व्यवस्थापन गर्दा लाग्ने शुल्कमा पालिकाले पचास प्रतिशतसम्म सहुलियत दिन सक्नेछ ।

(४) निजी वनमा बिरुवा रोप्न, हुर्काउन आवश्यक स्थान सुरक्षा गर्न तथा मलजल गर्न प्रोत्साहन स्वरुप पालिकाले प्रतिबिरुवा संरक्षण सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) नर्सरी नभएका क्षेत्रमा नयाँ नर्सरी स्थापना गर्न चाहने निजी नर्सरीलाई चाहेका प्रजातिका गुणस्तरीय बिरुवा उपलब्ध गराउने शर्तनामा नगद वा सामग्री अनुदान उपलव्ध गराउन सक्नेछ ।

(६) पालिकाको प्राथमिकता, आवश्यकता र भुगोल अनुसारका वन पैदावार लगाई निजी वन विकास तथा व्यवस्थापन गरेमा त्यस्ता वन व्यवस्थापन र संरक्षण गर्न तथा वनबाट उत्पादन भएका उपजको वजारीकरणका लागि कार्यपालिकाले विशेष सहुलियत दिन सक्नेछ ।

(७) पालिकामा बाँझो रहेको जमिनमा निजी वन विकास गर्न चाहने व्यक्ति वा संस्थाका लागि पालिकाले बाली बीमा लगायतको सहुलियत तथा अनुदान प्रदान गर्न सक्नेछ।

(८) उपदफा (६) र (७) बमोजिमको सहुलियत तथा अनुदान उपलब्ध गराउँदा स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोष, वातावरणीय सेवाबाट प्राप्त रकम तथा सहयोगी निकायहरुबाट सञ्चालन भएको कार्यक्रम मार्फत गरिनेछ।

**२५. पुरस्कृत गर्न सक्ने :**

(१) दफा २१ बमोजिम अनुगमन विवरण अनुसार सवैभन्दा उत्कृष्ट वनहरूको प्रोफाइल तयार गरी उत्कृष्ट तीन निजी वनधनीलाई पालिकाले वार्षिक रुपमा पुरस्कृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारको सिफारिस गर्दा निम्न बमोजिमका आधारहरु समेतलाई हेर्नुपर्नेछ। यस्तो मूल्याङ्कन गर्दा सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको समेत परामर्श लिन सकिनेछ।

(क) वनको आर्थिक अवस्था,

(ख) वन संरक्षणको अवस्था र व्यवस्था,

(ग) वनको वृद्धि र गुणस्तर,

(घ) वनबाट वातावरणीय सेवामा पारेको प्रभाव।

## परिच्छेद- ८
## विविध

**२६. दररेट सम्बन्धी सूचना प्रवाह :** निजी वनबाट उत्पादित काठ, दाउराको बजारको व्यवस्था निजी वनधनी आफैंले गर्नुपर्नेछ । तर विभिन्न प्रजातिका काठ दाउराको दररेट तथा बजारको सूचना र जानकारी वडा कार्यालयले डिभिजन वन कार्यालय तथा आवश्यक परेको खण्डमा वन पैदावार व्यवसाय प्रवर्द्धन गर्ने व्यापारिक सञ्जालहरुको सहयोगमा अध्यावधिक गरी पालिकाको वेवसाइट तथा सूचनापाटीमा टाँस गर्ने व्यवस्था  मिलाउन सक्नेछ।

**२७. सम्भावित बजारको सूचना प्रवाह :**

(१) पालिकास्तरमा आवश्यक परेको खण्डमा वन पैदावार व्यवसाय प्रवर्द्धन गर्ने व्यापारिक सञ्जालहरुको सहयोगमा वा अन्य सूचना स्रोतबाट प्राप्त दररेट र बजारको सूचना आवश्यक पर्ने निजी वनधनीलाई वडा कार्यालय मार्फत उपलब्ध गराउनु पालिका तथा वडाको कर्तव्य हुनेछ।

(२) पालिकासँग समन्वय गरी निजी वन व्यवस्थापन तथा प्रवर्द्धन गर्ने समूह, सङ्घ तथा संस्थाले काठ, दाउरा लगायत निजी वनको उत्पादनको बजारीकरण तथा सूचनालाई नियमित रुपमा प्रकाशित गर्न सहयोग गर्न सक्नेछ।

**२८. निजी वनको अध्यावधिक लगत राख्नुपर्ने :** प्रत्येक वडा कार्यालयले वडास्तरमा र पालिकाले पालिकास्तरमा प्रत्येक निजी वनको लगत अध्यावधिक गरी राख्नुपर्नेछ।

**२९. निजी वनको नामसारी :**

(१) निजी वन लगाएको कुनै जग्गाधनीले जग्गा बिक्री गरेमा त्यस्तो जग्गा दर्ता भएको निजी वन जग्गा खरिद गरिलिने व्यक्तिको नाममा प्रचलित कानून बमोजिम नामसारी हुँदा स्वतः नामसारी हुनेछ।

(२) त्यसरी नामसारी गर्नुपर्ने व्यक्तिले जग्गाधनी दर्ता प्रमाण पुर्जाको नक्कल र पहिलेको निजी वन दर्ता प्रमाणपत्रको सक्कलसहितको निवेदन सम्बन्धित वडा कार्यालय मार्फत पालिकामा पेश गर्नुपर्नेछ ।

(३) पालिकाले छानविन गर्नुपर्ने स्थिति भएमा छानविन गरी नामसारी गर्नुपर्ने व्यक्तिको नाममा पन्ध्र दिनभित्र नामसारी गरी प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ ।

(४) यसरी नामसारी गर्दा प्रमाणपत्र शुल्क वापत रू. १००/- (एकसय) लाग्नेछ ।

**३०. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएका कुरा यसै बमोजिम र अन्यको हकमा विषयसँग सम्बन्धित प्रचलित कानून बमोजिम हुनेछ ।

**३१. बाधा अडकाउ फुकाउन सक्ने :** यस कार्यविधिमा लेखिएका कुरामा कुनै बाधा, अडकाउ आइपरेमा फुकाउने कार्य कार्यपालिकाले गर्नेछ ।

**३२. संशोधन :** यो कार्यविधि पालिकाको कार्यपालिकाले प्रचलित सङ्घीय तथा प्रादेशिक कानूनको अधीनमा रही संशोधन गर्न सक्नेछ ।

## अनुसूची – १
## निजी वन दर्ताको लागि दिइने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
...................... पालिका ।

**विषय : निजी वन दर्ता गरिपाउँ ।**

मैले/हामीले आफ्नो आवादी जमीनमा लगाई राखेको वन, वनऐन २०७६,वन नियमावली, २०७९ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८० बमोजिम रुख दर्ता गरीपाउँ । मैले /हामीले लगाएको रुखको जात, परिमाण र त्यसले ओगटेको जग्गाको क्षेत्रफल तपसिल बमोजिम छ । म/हामीसँग भएको जग्गाको निस्सा प्रमाण पूर्जा, सव/डिभिजनल वन कार्यालय बाट प्राप्त सिफारिस पत्र यसै साथ संलग्न गरेको छु/छौं ।

**तपसिल**

| क.स. | वडा नं. | टोलको नाम | जग्गाको कित्ता नं. | जग्गाको क्षेत्रफल | रुख विरुवाको जात | रुख विरुवाको संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | कुल क्षेत्रफल | | | |

निवेदक
हस्ताक्षर
नाम, थरः
वडाः
मितिः

## अनुसूची २
## निजी वनको स्थलगत जाँचबुझको प्रतिवेदन

मितिः २०..../.... /.........

श्रीप्रमुख प्रशासकीय अधिकृतज्यू,
.....................पालिका ।

**विषयः जाँचबुझ गरी पेश गरेको ।**

उपरोक्त विषयमा पालिकाको च.नं. ...................... मिति २० / / गतेको प्रत्रादेशानुसार ..........................पालिका........... वडामा वस्ने ............................. को .......................... पालिका ..........वडामा रहेको ....................... .. कि.नं. ........................ क्षेत्रफलको नम्वरी आवादी जग्गामा लगाएको रुख विरुवाको स्थानीय भद्र भलादमी तथा जग्गाधनी समेतको रोहवरमा स्थलगत जाँचबुझ गर्दा निवेदनमा उल्लेखित जग्गा निज निवेदककै नम्बरी आवादी जग्गा रहेको र उक्त जग्गामा हाल तपसिल अनुसारको जात र परिमाणको रुख विरुवाहरु ठहर भएको हुनाले जाँचबुझ मुचुल्का पाना १ र संलग्न कागजपत्रहरु सहित यसैसाथ संलग्न राखी आवश्यक दर्ता कार्वाहीको लागि पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न विवरणः**

क. जग्गाको कि. नं जग्गाको क्षेत्रफलः

ख. जग्गा रहेको पालिका वडा नं तथा टोल

ग. रुख विरुवाको संख्याः

**तपसिल**

| क्र.सं. | रुख विरुवाको जात | रुखको डायमिटर । गोलाइ | औसत उचाइ फिट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

पुनश्चः रुख विरुवाको जात धेरै भए अर्को पाना प्रयोग गर्ने ।

**संलग्न कागजपत्रहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२. जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी ।

३. वन क्षेत्र वा सार्वजनिक क्षेत्रसँग जोडिएको जग्गाको हकमा नापी प्राविधकको रोहबरमा कित्ता खुलेको प्रमाणित नक्सा ।

४. पछिल्लो तिरो तिरेको रसिद ।

५. जाँचवुझ मुचुल्का

**प्रतिवेदक**

नामः कर्मचारी संकेत नं.

पदः

दस्तखतः मितिः

**पुनश्च :** डिभिजन वन कार्यालय वा सव-डिभिजन वन कार्यालयबाट सिफारिस भई आएको हकमा पालिकाले पुनः जाँचबुझ गर्न आवश्यक भएमा मात्र जाँचवुझ गर्न सक्ने ।

**अनुसूची ३**

**निजी वन दर्ता गर्ने निर्णयको ढाँचा**

**जाँचबुझमा संलग्न वन प्राविधिकको सिफारिस**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

..................पालिका ।

उपरोक्त बमोजिमको निजी वन दर्ताको लागि पेश गरिएको निवेदक श्री..................... ..........................को .....................पालिका वार्ड नं. ........ टोल ..................... मा रहेको कित्ता नं....................................मा ..............................प्रजाति समेतको विरुवाहरु रोपेको वा हुर्काएको व्योहरा संलग्न स्थलगत जाँचवुझ प्रतिवेदनबाट समेत देखिएको हुँदा निजको नाममा प्रचलित कानून बमोजिमको वन पैदावार उपयोग गर्न पाउने गरी वन ऐन २०७६ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र दिन उपयुक्त देखी निर्णय हुनको लागि पेश गरेको छु ।

दस्तखतः मितिः

नामः

पदः

कर्मचारी संकेत नं.

**पालिकाको निर्णयको नमूना**

उपरोक्त बमोजिमको व्यक्तिको नाममा प्रचलित कानून बमोजिम वन पैदावार उपयोग गर्न पाउने गरी वन ऐन २०७६ र निजी वन विकास तथा व्यवस्थापन कार्यविधि २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र दिने निर्णय गरियो ।

दस्तखत : मितिः

नाम :

पद : प्रमुख प्रशासकीय अधिकृत

कर्मचारी संकेत नंः

**अनुसूची - ४**

**निजी वन दर्ताको प्रमाणपत्रको ढाँचा**

...................... पालिका

गाउँ कार्य पालिकाको कार्यालय

# दर्ता प्रमाणपत्र

प्रमाणपत्र नम्बरः

मिति : .............................

श्री ......................................

तपाईंले ..................... डिभिजन वन कार्यालय। सब डिभिजन वन कार्यालयको सिफारिस सहित यस ..............पालिकामा निजी वन दर्ता गराइपाउँ भनी पेश गरेको कागजात अध्ययन हुँदा वन ऐन. २०७६ र वन नियमावली, २०७९ को अधीनमा रही देहायको निजी वन तथा निजी आवादी जमिनमा लगाएको वन पैदावारलाई निजी वनको रुपमा दर्ता गरी निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम यो प्रमाणपत्र दिइएको छ।

**निजी वनको विवरण :**

(क) नामः

(ख) चारकिल्लाः

(ग) क्षेत्रफलः

(घ) वन पैदावारको प्रजातिः

(ङ) वन पैदावारको सङ्ख्याः

| क्र.सं. | रुख विरुवाको जात | रुखको डायमिटर/गोलाइ | औसत उचाइ फिट | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाण-पत्र दिने अधिकृत

नाम, थरः

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

मितिः

दृष्टव्य : यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैयाँ लाग्नेछ।

## अनुसूची ५
## निजी वन समूह दर्ता निवेदनको ढाँचा

मिति : ..........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
...................... पालिका कार्यालय ।
.............................. ।

**विषय : निजी वन समूह दर्ता गरिपाउँ ।**

निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम निजी वन समूहको गठन गरी समूह दर्ता गरी पाउन समूहको विधान तथा कार्ययोजना संलग्न गरी पेश गरेका छौं ।

निवेदक

....................

निजी वन समूहको तर्फबाट

| क्र.सं. | नाम | ठेगाना | पद | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| | | | | |

**अनुसूची ६**

**निजी वन समूह दर्ताको प्रमाणपत्रको ढाँचा**

.................**पालिका**

दर्ता नं.

मितिः

श्री.......................निजी वन समुह

........................................ ।

निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८० मा भएको व्यवस्था अनुसार आवश्यक छानविन गरी त्यस समूहलाई निजी वन समूहको रुपमा दर्ता गरी यो प्रमाणपत्र दिइएको छ ।

**निजी वन समूहको विवरण :**

१. समूह रहेको ठेगाना :

२. समूह सदस्य संख्या :

३. निजी वनले ओगटेको क्षेत्रफल :

४. निजी वन समूहको कार्यक्षेत्र (वडा नं.)

प्रमाणपत्र दिने अधिकारीको

दस्तखतः

नामः

पदः

मितिः

## अनुसूची - ७

## निजी वन वा निजी जग्गामा भएका कृषि उपज सरह सङ्कलन, बिक्री र ओसारपसार गर्न सकिने वन पैदावा र प्रजाति

| (क) काष्ठप्रजाति | |
|---|---|
| क्रस | प्रजाति |
| १ | अम्बा |
| २ | हलुवावेद |
| ३ | कपोक |
| ४ | आँप |
| ५ | नीम |
| ६ | काभ्रो |
| ७ | इपिलइपिल |
| ८ | बकाईनो |
| ९ | गोल्डमोहर |
| १० | इमली |
| ११ | बबुर, बबुल |
| १२ | टिक |
| १३ | सिसौ (वृक्षरोपण) |
| १४ | मसला |
| १५ | लहरेपिपल |
| १६ | क्यासियासियामिया |
| १७ | लिची |
| १८ | मोलाटो |
| १९ | कटहर |
| २० | लप्सी |
| २१ | वीरेन्द्रफूल |
| २२ | कदम |
| २३ | टुनी |
| २४ | उत्तिस |
| २५ | चिलाउने |
| २६ | कटुस |
| २७ | खोटेसल्ला |
| २८ | गोब्रेसल्ला |

| (ख) जडीबुटीप्रजाति | |
|---|---|
| क्रस | प्रजाति |
| १ | अमला |
| २ | सिल्टिमुर |
| ३ | कचुर |
| ४ | कुरिलो, सतावरी |
| ५ | केसर |
| ६ | घ्यूकुमारी |
| ७ | चिउरी |
| ८ | चिराईतो |
| ९ | टिमुर |
| १० | तेसपात |
| ११ | तुलसी |
| १२ | बेल |
| १३ | बोझो |
| १४ | बोधिफल, बोधिचित्त |
| १५ | मसलाकोपात |
| १६ | रिठ्ठा |
| १७ | रुद्राक्ष |
| १८ | लप्सी |
| १९ | क्यामोमाईल |
| २० | मेन्था |
| २१ | लेमग्रास |
| २२ | सिट्रोनेला |
| २३ | पामारोजा |

| (ग) अन्यवनपैदावारप्रजाति | |
|---|---|
| क्रस | प्रजाती |
| १ | अम्रिसो/अम्लिसो |
| २ | बाँस/निगोला |
| ३ | अल्लो |
| ४ | बनकस, बाबियो |

## अनुसूची ८
## अनुगमन फारमको ढाँचा

१. वनधनीको नाम/थर ..........................................
ठेगाना: जिल्ला.............गाउँ/न.पा........................ वडा नं. ...... टोल .....................

२. वृक्षरोपण गर्ने जग्गाको विवरण:

(क) जग्गाधनीको नाम........................................... (ख) जग्गा भएको ठाउँको गाउँ/न.पा......................वडा नं............

(ग) कित्ता नं.................... (घ) क्षेत्रफल ................. (ङ) जग्गाधनीको कुल जग्गाको क्षेत्रफल ...............

३. वृक्षरोपणको विवरण: (क) वृक्षरोपण गरेको वर्ष................. (ख) वृक्षरोपण भएका

| सि.नं. | प्रजाति | संख्या | सि.नं. | प्रजाति | संख्या |
|---|---|---|---|---|---|
| १ | | | ६ | | |
| २ | | | ७ | | |
| ३ | | | ८ | | |
| ४ | | | ९ | | |
| ५ | | | १० | | |

४. वृक्षरोपण अन्तरवालीको रुपमा.........वा चक्लाबन्दको रुपमा....... गरिएको हो ।

५. वृक्षरोपण गरिएको जग्गाको विवरण

(क) वृक्षरोपण गएिको जग्गा कस्तो हो: खेत (Low Land)....... वारी (Upland)...... नदी उकास ......

(ख) वृक्षरोपण गएिको जग्गाको अन्य विवरण (मलिलो, चिम्टाइलो, वलौटे के हो, जग्गाको अन्य विशेषताहरु)

६. वृक्षरोपणको संरक्षण कसरी गरिएको छ ।

(क) तारवार गरेर.......... हेरालु राखेर.........अन्य व्यवस्था

(ख) वाँचेका विरुवाको संख्या/प्रतिशत............/..........

(ग) वृक्षरोपण संरक्षणको अवस्था कस्तो छ (विवरण उल्लेख गर्ने)

७. वृक्षरोपणको अनुमानित लागत: रु...................

८. वनको वृद्धि तथा गुणस्तर: वन वालीलाई समग्रमा तीन डाएमिटर र उचाइ श्रेणीमा राखी औसत डाएमिटर र उचाइ उल्लेख गर्ने ।

(क) व्यास र उचाइको विवरण

| श्रेणी | औसत डाएमिटर व्यास | औसत उचाइ | रुख/विरुवा संख्या/प्रतिसत | वृक्षरोपणको समग्र गुणस्तर |
|---|---|---|---|---|
| उच्च | | | | |
| राम्रो/मध्यम/न्यून | | | | |
| मध्यम | | | | |
| निम्न | | | | |

(ख) अवलोकनबाट देखिएका अन्य विवरण (अवलोकन कर्ताको मूल्याङ्कन):

९. जग्गा धनीको मन्तव्य

(क) जग्गाधनीको सन्तुष्टि : सन्तुष्ट..... सामान्य ........ असन्तुष्ट .........

(ख) जग्गाधनीको प्रतिक्रिया (जग्गाधनीको चाहाना, योजना, समस्या, गुनासाहरु)

१०. अनुगमन कर्ताको निष्कर्ष :

अनुगमन कर्ताको दस्तखत

नामः.........................

पद..........................

मिति.....................

**अनुसूची–९**

**दर्ता भएका वा दर्ता नभएका निजी वनधनीले वन पैदावार कटान वा सङ्कलन गर्न इजाजत प्राप्तिका लागि दिनुपर्ने निवेदन ढाँचा**

श्री.............................

...................................

**विषयः वन पैदावार सङ्कलनका लागि अनुमति पाउँ ।**

म/हामी निवेदक...........को................पालिका वडा नं. ...... दर्ता श्रेस्ता कायम रहेको कित्ता नं.........को जग्गामा आफैं लगाई हुर्काएका तपसिलमा उल्लेखित जात र परिणामका वन पैदावार सङ्कलन गर्न अनुमति प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

**तपसिल**

| क्र.स. | जग्गाको ठेगाना | कित्ता नं. | वन पैदावारको प्रजाति | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

निवेदक

दस्तखतः

नामः

मितिः

**अनुसूची – १०**

**निजी वन कटानी इजाजतपत्र**

........................ **पालिका**

................ **पालिकाको कार्यालय**

........................**।**

मिति : ..................

श्री .........................

.............................. ।

**विषय : कटानी इजाजत सम्बन्धमा**

तपाइँ/तपाइँहरुले मिति ..................मा दिएको निवेदनमा यस कार्यालयबाट छानबिन हुँदा .............. गपा/नपा, वडा नं. .......... स्थित कित्ता नं. ................ मा रहेको वन पैदावार निजी वन कोठहर भए बमोजिम तपसिलमा उल्लेखित रुख कटान-सङ्कलन गर्नको लागि इजाजत दिइएको छ ।

**तपसिल**

| क.स. | प्रजाति | गोलाइ | उचाइ | कटान गर्ने रुख संख्या | सङ्कलन गर्ने तरिका | कैफित |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

.............................

(इजाजत दिने अधिकारी)

बोधार्थ

१. श्री .......................... सब/डिभिजन वन कार्यालय

## अनुसूची – ११

## निजी वनबाट उत्पादित काठ, दाउरा वा अन्य वन पैदावारको तेरीज फारम

पालिका ............. वडा नं. ....... कित्ता नं. .............. मा रहेको निजी वनबाट उत्पादित ..........च.नं. ........ मिति ........... को इजाजत पत्रानुसारको गोलिया काठ/चिरान/अन्य वनपैदावार थान ....... को ............घनफिट/घनमिटर निम्नानुसार नाप साइजको गोलिया काठ/चिरान/अन्य वन पैदावारको विवरण तेरीज फाराम

| क्रस | प्रजाति | किसिम | नाप साइज | थान | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

तेरीज तयार गर्नेको दस्तखतः

नामः

पदः

मितिः

**अनुसूची १२**

**निजी वनको वन पैदावार (काठ, दाउरा)**

**निकासी इजाजतपत्र (ओसारपसार अनुमतिपत्र)**

**...........................पालिका**

**........................ कार्यपालिकाको कार्यालय**

मिति : ......................

**विषय : निकासी इजाजतपत्र**

श्री..........................

..................................

तपाई/तपाईंहरूको माग अनुसार .................सम्म लैजानको लागि मिति...........को नापी विमार्का अनुसार............... टाँचा निसान लागेको तपशील बमोजिम.................निजी वनको निम्न पैदावार..............दिनभित्र........................बाट...............सम्म उठाई लैजान यो इजाजतपत्र दिइएको छ । बाटोमा पर्ने चेकपोष्ट हरूबाट नियमानुसार दर पीठ गराई लैजानु होला ।

**तपसिल**

| क.स. | कटान गरिएको कि.नं. र ठेगाना | वन पैदावार प्रजाति | किसिम( काठ, दाउरा, अन्य) | थान | इकाई | परिणाम | कै. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

इजाजत दिने अधिकारी
दस्तखत:
नाम:

**वोधार्थ**:
सव-डिभिजन वन कार्यालय

आज्ञाले,
नेवबहादुर वली
प्रमुख प्रशासकीय अधिकृत